# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
### काठमाण्डौं

**<u>२०७७ फागुन १८ गते बोलकबोलमार्फत् विकास ऋणपत्र २०८५"ङ" बिक्री गरिनेसम्बन्धी सूचना</u>**

नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागद्वारा देहायका विशेषता, प्रक्रिया एवम् शर्तहरु सहित ८ वर्ष अवधिको विकास ऋणपत्र २०८५"ङ" बोलकबोल प्रक्रियाद्वारा निष्काशन गरिने भएको हुँदा उक्त ऋणपत्र खरीद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था, गैर–बैंक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा नेपाली नागरिकले तल उल्लिखित मिति र समयभित्र बोलकबोल पेश गर्नुहुन अनुरोध छ ।

१. विशेषताहरु

| | | | |
|---|---|---|---|
| (क) | ऋणपत्रको नाम | : | "विकास ऋणपत्र २०८५"ङ" (८ वर्षे) । |
| (ख) | निष्काशन हुने रकम | : | रु. १० अर्ब (दश अर्ब रुपैयाँ मात्र) । |
| (ग) | ब्याज दर (Coupon rate) | : | बोलकबोलको माध्यमबाट निर्धारण हुने । |
| (ङ) | खरीदकर्ता | : | बैंक तथा वित्तीय संस्था, गैर–बैंक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा नेपाली नागरिक । |
| (ङ) | धितोको रुपमा प्रयोग हुने | : | यो ऋणपत्र धितो राखी कर्जा लिन/दिन पाइने । |

२. बोलकबोल, निष्काशन, साँवा तथा ब्याज भुक्तानी

| | | | |
|---|---|---|---|
| (क) | बोलकबोल मिति र समय | : | २०७७ फागुन १८ गतेका दिन अपरान्ह ३:०० बजे सम्म बोलकबोल हुने । ऋणपत्र खरीद गर्न चाहने खरीदकर्ताले उक्त समयभित्र URL https://obss.nrb.org.np/pd को Online Bidding System Software मार्फत् बोलकबोल पेश गर्नुपर्ने । |
| (ख) | निष्काशन मिति | : | २०७७ फागुन १९ गते, (८ वर्षे) । |
| (ग) | साँवा भुक्तानी मिति | : | २०८५ फागुन १९ गते । |
| (ङ) | ब्याज भुक्तानी | : | अर्धवार्षिक रुपमा हुने र आर्जित ब्याजमा ब्याजकर लाग्ने । |

३. प्रतिस्पर्धी तथा अप्रतिस्पर्धी बोलकबोल

| | | | |
|---|---|---|---|
| (क) | सहभागिता | : | ईच्छुक खरीदकर्ता प्रतिस्पर्धी वा अप्रतिस्पर्धी रुपमा सहभागी हुनसक्ने । |
| (ख) | छुट्टयाईएको रकम | : | प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालाहरुलाई क्रमशः निष्काशित रकमको ८५ र १५ प्रतिशत अर्थात् रु.८.५ अर्व र रु.१.५ अर्व छुट्टयाइएको । अप्रतिस्पर्धी बोलवालाहरुलाई छुट्याइएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाहरुलाई बिक्री गरिने । अप्रतिस्पर्धी बोलवालाहरुलाई छुट्टयाइएको रकमभन्दा बढी रकमको बोल प्राप्त हुन आएमा बोलवालाहरुलाई समानुपातिक रुपमा उक्त ऋणपत्रको रकम बाँडफाँड गरिने । |

(ग) ब्याजदर र बाँडफाँड : बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँड गरिने रकमसम्ममा कायम भएको Cut-Off ब्याजदरलाई एकल ब्याजदर कायम गरी सोही एकल ब्याजदरमा सो ब्याजदर र सो ब्याजदरभन्दा तलका सबै बोलवालाहरुलाई ऋणपत्र उपलब्ध गराईने ।

४. शर्तहरु

(क) खरीद गर्न पाउने सीमा : घटीमा रु. पचास हजार र बढीमा कुल निष्काशित रकमको सीमामा नबढाई रु. पचास हजारले भाग गर्दा नि:शेष भाग जाने अंकमा ।

(ख) यो ऋणपत्र खरीदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रियाअन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रुपमा मात्र भाग लिन सक्नेछन् । यस बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका वित्तीय संस्थाले अप्रतिस्पर्धीको रुपमा भाग लिन पाउने छैनन् ।

(ग) प्रतिस्पर्धी बोलवालाले खरीद गर्न चाहेको रकम र कबोल गर्न चाहेको ब्याजदर (दशमलव पछाडि दुई अंकसम्म मात्र) उल्लेख गर्नु पर्नेछ । ईच्छुक बोलवालाले बहु-ब्याजदरमा समेत बोल गर्न सक्नेछन् ।

(ङ) अप्रतिस्पर्धी बोलवालाले खरीद गर्न चाहेको रकममात्र उल्लेख गर्नु पर्नेछ । प्रतिस्पर्धी बोलकबोलबाट निर्धारित एकल ब्याजदरमा अप्रतिस्पर्धी बोलवालालाई उक्त ऋणपत्र बिक्री गरिनेछ ।

(ङ) नेपाल राष्ट्र बैंकमा खाता नभएका बोलवालाहरुले आफूले खरीद गर्न चाहेको रकमको २.५० प्रतिशतले हुने अर्नेष्ट मनी वापतको रकम यस बैंकमा रहेको खाता नं. १२००००-०१५-११५-५२४ मा जम्मा गरेको सक्कल भौचर यस विभागमा २०७७ फागुन १८ गते दिनको ३:०० बजेभित्र पेश गर्नु पर्नेछ ।

(च) नेपाल राष्ट्र बैंकमा खाता भएका बोलवालाहरुले उक्त अर्नेष्ट मनी वापत्को रकम आ-आफ्नो खातामा मौज्दात कायम गर्नु पर्नेछ ।

(छ) व्यक्ति बोलवाला भएको खण्डमा अर्नेष्ट मनी जम्मा गरेको सक्कल भौचर र नागरिकता प्रमाणपत्रको छविचित्र साथमा लिई यस विभागमा आई Online Bidding System मार्फत् बोलकबोल गर्नु पर्नेछ ।

(ज) यस बैकमा खाता नहुने सफल बोलवालाले निष्काशन मिति २०७७ फागुन १९ गते दिनको ३:०० बजेभित्र यस बैकमा रहेको खाता नं. १२००००-०१५-११५-५२४ मा बाँकी रकम जम्मा गरेको भौचर यस विभागमा पेश गरी सक्नु पर्नेछ । उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्ट मनी वापत्को रकम जफत हुनेछ ।

(झ) अस्वीकृत बोलवालाहरुको अर्नेष्ट मनी वापत्को रकम यससम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता हुनेछ ।

(ञ) प्राप्त बोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस बैंकको खुला बजार संचालन समितिलाई हुनेछ ।

(ट) यस ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमार्फत् मात्र हुनेछ ।

(ठ) अन्य थप जानकारीका लागि यस विभागको फोन नं.०१-४४१९८०५ EXT: २३६ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

*मिति : २०७७/११/१६*

नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग